मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २५२ • २०८३ साल भाद्र ०२ गते मंगलबार • Tuesday 18, August 2026 • सूर्योदय: बिहान ०५:३४ बजे • सूर्यास्त: साँझ ०६:४२ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## विद्युत प्राधिकरण वीरगंजको ४१ औं बार्षिकोत्सव मनाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्र, पर्साको ४१ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमका साथ सम्पन्न भएको छ। सो अवसरमा केन्द्रले पु¥याउँदै आएको सेवा प्रवाहबारे अन्तरकृया भएको थियो।
सहभागिहरूले विद्युत् सेवाको विस्तारसँगै सेवाग्राहीलाई छिटो, सहज र प्रभावकारी सेवा उपलब्ध गराउन वितरण केन्द्रले आगामी दिनमा अझ सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए। वीरगंज वितरण केन्द्रको स्थापना, हालसम्मको सेवा प्रवाह, विद्युत् वितरण प्रणालीमा भएका सुधार तथा आगामी कार्ययोजनाबारे पनि छलफल गरिएको थियो। सहभागीहरूले विद्युत् चुहावट नियन्त्रण, नियमित विद्युत् आपूर्ति, प्राविधिक समस्या तत्काल समाधान तथा सेवाग्राहीका गुनासोलाई प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने आवश्यकता औँल्याएका थिए। कार्यक्रममा वितरण केन्द्रका प्रमुख इन्जिनियर विजय महतो, इन्जिनियरहरू निर्मल फौजदार, पवन क्षेत्री र वीरेन्द्र चौधरी, सहायक इन्जिनियर रञ्जितकुमार श्रीवास्तव, लेखा प्रमुख शिवकुमार राई, प्रशासन प्रमुख सुमित्रा पौडेल, सहायक प्रशासन अधिकृत मुरारी उपाध्यायसहित प्राधिकरणका कर्मचारी तथा पूर्वकर्मचारीहरूको सहभागिता थियो।

## पर्सा प्रहरी हिरासतभित्रको कहालीलाग्दो रहस्य:

# थुनुवालाई खुदीको भात, पानीको दाल र ग्यालिनमा पिसाब

**मधेशदृष्टि**
**वीरगंज।**
बिहान उज्यालो नहुँदै जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतभित्रबाट एउटा आवाज सुनिन्छ 'डिजेल... पेट्रोल...' । बाहिरबाट सुन्नेलाई यो शब्द सामान्य लाग्न सक्छ। तर हिरासतको भित्रभित्रै चल्ने यो संकेतको अर्थ सुन्दा जो कोही झस्किन सक्छ। 'डिजेल' र 'पेट्रोल' यहाँ इन्धनको नाम होइन। रातभर हिरासत कक्षभित्र ग्यालिनमा जम्मा गरिएको 'मानव पिसाब' र हातमुख धोएर जम्मा गरिएको 'फोहोर पानी' हो, जुन बिहान भएपछि थुनुवाहरूले आफैं बोकेर अर्को कक्षको शौचालयमा लगेर फाल्नुपर्ने अवस्था छ।
त्यसपछि आउँछ अर्को दृश्य पानीजस्तै पातलो दाल, तरकारीको नाममा झोल र अत्यधिक टुटेको चामल अर्थात् खुदीको भात। हिरासतमा रहेका थुनुवाका लागि राज्यले उपलब्ध गराउने भनिएको यही खाना कतिपयका लागि दिन काट्ने एकमात्र आधार बनेको छ। जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतभित्रको अवस्था नियाल्दा प्रश्न केवल हिरासतको व्यवस्थापनमाथि उठ्दैन, बरु 'राज्यको नियन्त्रणमा रहेका नागरिकसँग राज्यले कस्तो व्यवहार गरिरहेको छ ?' भन्ने गम्भीर प्रश्न खडा हुन्छ।

### पिसाबले भरिएको ग्यालिन र बन्द कोठाको रात

पर्सा प्रहरीको हिरासतमा पाँचवटा कक्ष रहेको छ। तीमध्ये २, ४ र ५ नम्बर कक्षमा मात्र शौचालयको सुविधा छ। १ र ३ नम्बर कक्षमा शौचालय छैन। रातिको समयमा हिरासतका कोठाहरू बाहिरबाट बन्द गरिन्छ। त्यसपछि शौचालय नभएका कक्षमा रहेका थुनुवासँग पिसाब फेर्नका लागि बाहिर जाने कुनै विकल्प रहँदैन। परिणामस्वरूप उनीहरूले कोठाभित्रै राखिएको ग्यालिन वा भाँडोमा पिसाब गर्नुपर्ने हुन्छ। बिहान ढोका खुलेपछि उक्त ग्यालिन बोकेर शौचालय भएको अर्को कक्षमा लगिन्छ।
थुनुवाहरूले त्यसलाई आन्तरिक भाषामा 'डिजेल' वा 'पेट्रोल' भन्ने गरेको बताइन्छ। शौचालय नभएको कक्षमा रात बिताउनेहरूका लागि यो कुनै एक दिनको असहजता होइन, हिरासत बसाइको नियमित प्रक्रिया जस्तै बनेको गुनासो छ। एकातिर साँघुरो कोठामा धेरै थुनुवा।
अर्कोतर्फ त्यही कोठाभित्र रातभर पिसाब जम्मा गरिएको भाँडो। बिहानसम्म त्यसकै छेउमा सुत्नुपर्ने बाध्यता। 'अनुसन्धानका लागि हिरासतमा राखिएको व्यक्तिलाई यस्तो अवस्थामा राख्नु केवल संरचनागत अभाव हो कि मानवीय गरिमामाथिको गम्भीर बेवास्ता ?'

### 'सरकारी खाना': पेट भर्ने कि केवल दिन काट्ने ?

हिरासतमा रहेका थुनुवालाई उपलब्ध गराइने खानाको अवस्था अर्को गम्भीर विषय बनेको छ। थुनुवाहरूका अनुसार बिहान वा खाना खाने समयमा उनीहरूले पाउने भोजनमा अत्यधिक टुटेको चामलको भात, पानीजस्तै पातलो दाल र तरकारीको नाममा झोल मात्र हुने गरेको छ। दालमा दाल खोज्नुपर्ने र तरकारीमा तरकारीभन्दा पानी बढी देखिने गरेको गुनासो छ।
जिल्ला प्रहरी कार्यालयभित्रै सञ्चालनमा रहेको मेसबाट हुनेखाने थुनुवाले भने प्रतिप्लेट एक सय रुपैयाँ तिरेर छुट्टै खाना खाने गरेका छन्। आर्थिक रूपमा सक्षम थुनुवाका लागि त्यसो गर्न सम्भव छ। तर गरिब, विपन्न, परिवारको सहयोग नपाउने वा बाहिरबाट खाना ल्याउने कोही नभएका थुनुवासँग विकल्प छैन। उनीहरू राज्यले उपलब्ध गराएको त्यही खाना खान बाध्य छन्।
केही दिनअघि हिरासतबाट धरौटीमा छुटेका एक पूर्वथुनुवाले भने, 'त्यहाँ दिइने खाना चौपायाले पनि हेरेर मुख फर्काउँछ, तर थुनुवाहरू त्यही खाना खान बाध्य छन्। हुनेखानेहरूले केन्टिनबाट खाना मगाएर खान्छन्, गरिब र विपन्नहरू भने त्यही खाना खाएर बाँचिरहेका छन्।' उनको भनाइले अर्को गम्भीर प्रश्न जन्माउँछ 'हिरासतभित्र पनि खानाको गुणस्तर आर्थिक हैसियतले निर्धारण हुने हो ?' राज्यको हिरासतमा पुगेपछि हुनेखाने व्यक्तिले पैसा तिरेर राम्रो खाना किन्न सक्छ। तर पैसा नभएको व्यक्ति न्यून गुणस्तरको भनिएको सरकारी खानामा निर्भर रहन्छ भने त्यसलाई समान व्यवहार कसरी मान्ने ?

## अब छानबिन आवश्यक

पर्सा प्रहरी हिरासतको वास्तविक अवस्था बुझ्न अब औपचारिक दाबी मात्र पर्याप्त हुँदैन। स्वतन्त्र अनुगमनमार्फत कम्तीमा यी विषय जाँच हुन आवश्यक छः
– थुनुवाको खानामा प्रतिदिन वास्तविक खर्च कति भइरहेको छ ?
– रु. १२४.८० को सुविधा कुन आधार र प्रक्रियाबाट खर्च भइरहेको छ ?
– खरिद गरिएका चामल, दाल र तरकारीको गुणस्तर कस्तो छ ?
– शौचालय नभएका कक्षमा थुनुवाले राति पिसाब कसरी व्यवस्थापन गर्छन् ?
– एउटा कक्षमा वास्तविक रूपमा कति मानिस राखिन्छ ?
– भीडभाडको अवस्था हिरासतको क्षमतासँग मेल खान्छ कि खाँदैन ?
– ५ नम्बर कक्षको प्रयोग सम्बन्धमा उठेका आर्थिक लेनदेनका आरोपमा छानबिन हुन्छ कि हुँदैन ?

### १०÷१० फिटको कोठा, कहिलेकाहीँ २२ जना

हिरासतमा पाँचवटा कक्ष भएपनि व्यवहारमा चारवटा कक्षमा मात्र सामान्य थुनुवालाई राखिने गरिएको छ। दैनिक थुनुवाको संख्या २५ देखि ७० जनासम्म पुग्ने गरेको छ। करिब १०÷१० फिटका कक्षमा कहिलेकाहीँ २२ जनासम्म थुनुवालाई राख्नुपर्ने अवस्था आउने गरेको विवरण छ। पर्याप्त ठाउँ नभएपछि बस्ने र सुत्ने अवस्थासमेत कठिन हुने गरेको छ। त्यसमाथि शौचालय नभएको कक्षमा रातभर थुनुवाहरू बन्द हुन्छन्।
राति कसैलाई पिसाब लाग्यो भने विकल्प छैन। कोठाको कुनामा राखिएको ग्यालिन नै शौचालय बन्छ। खाना खाने ठाउँ पनि त्यही, सुत्ने ठाउँ पनि त्यही र रातभर मानव पिसाब राखिएको भाँडो पनि त्यही। हिरासतभित्रको यो अवस्था बाहिरबाट हेर्दा कल्पना गर्न कठिन हुन सक्छ। तर प्रश्न यही हो 'कानुनले अनुसन्धानका लागि व्यक्तिको स्वतन्त्रता सीमित गर्न अनुमति दिएको हो कि उसलाई न्यूनतम मानवीय सुविधाबाट समेत वञ्चित गर्न ?'

### रु. १२४.८० कहाँ खर्च हुन्छ ?

थुनुवाको खानाका लागि प्रतिदिन रु. १२४.८० सुविधा उपलब्ध हुने विवरण रहेको अवस्थामा सबैभन्दा महत्वपूर्ण खोजको विषय खर्चको वास्तविकता हो। यदि प्रतिथुनुवा प्रतिदिन उक्त रकम उपलब्ध हुन्छ भने त्यो रकमबाट कस्तो चामल खरिद हुन्छ ? कति दाल र तरकारी उपलब्ध हुन्छ ? खाना पकाउने र वितरणको प्रक्रिया कस्तो छ ? प्रतिदिन कति थुनुवाका लागि कति रकम निकासा हुन्छ ? अझ महत्वपूर्ण विषय 'कागजमा देखिएको खर्च र थुनुवाको थालमा पुगेको खानाबीच कति अन्तर छ ?'
पर्सा प्रहरी हिरासतमा थुनुवाले पाउने भनिएको खाना हेर्दा यो प्रश्नको निष्पक्ष छानबिन आवश्यक देखिन्छ। यदि सरकारले उपलब्ध गराएको रकमअनुसारको खाना थुनुवासम्म पुगिरहेको छैन भने जिम्मेवार को हो ? र यदि रकम नै अपर्याप्त हो भने राज्यले हिरासतमा रहेका नागरिकको न्यूनतम पोषणको जिम्मेवारी कसरी पूरा गरिरहेको छ ? यस विषयमा खर्च अभिलेख, खाद्यान्न खरिद बिल, दैनिक थुनुवा संख्या, प्रतिव्यक्ति लागत र खाना वितरणको विवरण सार्वजनिक हुनुपर्छ।



### प्रहरीको दाबी: 'प्रहरीले खाने खाना नै थुनुवालाई'

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्र मल्ल भने थुनुवालाई पनि प्रहरी कर्मचारीले खाने मेसबाटै खाना उपलब्ध गराइने बताउँछन्। उनका अनुसार, 'प्रहरीले खाने खाना नै थुनुवालाई पनि दिइने गरिएको छ। पहिला के थियो थाहा छैन, अहिले राम्रो खाना थुनुवालाई दिइने गरिएको छ। आएर चेकजाँच गर्दा पनि हुन्छ।'
प्रहरीको यो दाबी र हिरासतबाट बाहिरिएका थुनुवाहरूको गुनासोबीच भने स्पष्ट विरोधाभास देखिन्छ।
यदि प्रहरी कर्मचारी र थुनुवाले एउटै स्तरको खाना खाइरहेका छन् भने थुनुवाहरूले किन पानीजस्तो दाल, झोल मात्र भएको तरकारी र खुदीको भात पाएको गुनासो गरिरहेका छन् ? यदि खाना गुणस्तरीय छ भने स्वतन्त्र निकायबाट त्यसको परीक्षण र अनुगमन किन नगराउने ? यही विरोधाभास नै खोजमूलक छानबिनको केन्द्र बन्न सक्छ।

### हिरासत कि अतिरिक्त सजाय ?

प्रहरी हिरासतमा रहेका व्यक्ति सबै अपराधी हुँदैनन्। धेरै व्यक्ति अनुसन्धानका क्रममा पक्राउ परेका हुन्छन्। उनीहरू अदालतबाट दोषी प्रमाणित भएका हुँदैनन्। कतिपय अन्ततः निर्दोष साबित हुन्छन्। तर हिरासतमा पुग्नेबित्तिकै यदि व्यक्तिले न्यूनस्तरको खाना खानुपर्ने, अँध्यारो र भीडभाडयुक्त कोठामा बस्नुपर्ने र आफ्नै पिसाब ग्यालिनमा जम्मा गरेर बिहान आफैं बोकेर फाल्नुपर्ने अवस्था भोग्छ भने 'यो अनुसन्धानको कानुनी प्रक्रिया हो कि आरोप लागेकै आधारमा दिइएको अनौपचारिक अतिरिक्त सजाय ?'
नेपालको संविधानले सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ। पक्राउ परेको वा हिरासतमा रहेको व्यक्तिलाई निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न नपाइने संवैधानिक व्यवस्था छ।
निस्सन्देह, हरेक कमजोर हिरासत व्यवस्थालाई कानुनी रूपमा तत्काल 'यातना' भन्न मिल्दैन। तर पर्याप्त शौचालय नहुनु, मानव पिसाब बोकेर फाल्नुपर्ने बाध्यता, अत्यधिक भीhड र खानाको न्यून गुणस्तरका आरोपले 'अमानवीय वा अपमानजनक व्यवहारको अवस्था सिर्जना भएको छ कि छैन' भन्ने विषयमा स्वतन्त्र मूल्याङ्कन आवश्यक देखिन्छ।
हिरासतमा रहेको व्यक्तिले आफ्नो आवाज बाहिरसम्म सहजै पुऱ्याउन सक्दैन। त्यसैले राज्यका निकाय, मानवअधिकार संस्था र नागरिक समाजको निगरानी झन् महत्वपूर्ण हुन्छ।
हिरासत राज्यको शक्ति प्रदर्शन गर्ने ठाउँ होइन, राज्यको कानुनी र मानवीय चरित्र परीक्षण हुने ठाउँ पनि हो। पर्सा प्रहरीको हिरासतभित्र उठेका यी प्रश्नको जवाफ केवल एउटा प्रेस विज्ञप्ति वा 'आएर चेक गर्नुस्' भन्ने प्रतिक्रियाले पूरा हुँदैन। आवश्यक छ 'स्वतन्त्र अनुगमन, वास्तविक खर्चको हिसाब सार्वजनिक गर्ने प्रक्रिया र हिरासतभित्रको अमानवीय अवस्थाको तत्काल सुधार।'
राज्यले अनुसन्धानका लागि कसैको स्वतन्त्रता खोस्न सक्छ। तर उसको थालमा कस्तो खाना पुग्छ र राति उसलाई आफ्नै पिसाबको भाँडोसँगै बन्द कोठामा सुत्न बाध्य पारिन्छ कि पर्दैन यहीँबाट राज्यको न्याय, संवेदनशीलता र मानवअधिकारप्रतिको वास्तविक चरित्र मापन हुन्छ।

जति शब्द रातो गरिएको छ, त्यसलाई त्यस्तो हाइलाइट गरेर समाचारको बीचमै बक्स बनाएर हाल्नुहोला.... बिना बोर्डरको बक्स

## बालेन सरकारले जनताको ढाड

# सेक्ने काम गऱ्यो: सीके राउत




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउतले शिक्षा, स्वास्थ्य र विद्युत् जस्ता आधारभूत सेवामा कर लगाएर सरकारले जनतालाई थप आर्थिक भार थोपरेको आरोप लगाएका छन्। सोमबार काठमाडौँमा 'डेडिकेटेड तथा ट्रंक लाइन'को बक्यौता महसुल उठाउन र विद्युत्मा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) खारेज गर्न माग गर्दै सुरु गरिएको हस्ताक्षर अभियानलाई सम्बोधन गर्दै राउतले सरकारले जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका क्षेत्रमा कर लगाउनु गलत भएको बताए।
उनले शिक्षा र स्वास्थ्यसँगै विद्युत्मा समेत ५ प्रतिशत भ्याट लगाउने निर्णयले सर्वसाधारणको खर्च बढाएको दाबी गरे। नेपाल विद्युत् उत्पादनमा आत्मनिर्भर हुँदै निर्यातको तयारी गरिरहेको अवस्थामा आफ्नै नागरिकले विद्युत् खपत गर्दा थप कर तिर्नुपर्ने अवस्था विडम्बनापूर्ण भएको उनको भनाइ थियो।
राउतले देशमा विद्युत् उत्पादन बढ्दै गएको र करिब एक हजार मेगावाट विद्युत् खेर गइरहेको अवस्थामा समेत सरकारले प्रभावकारी व्यवस्थापन गर्न नसकेको आरोप लगाए। लोडसेडिङ अन्त्य गरेर देखाइसकेका व्यक्तिहरू हुँदाहुँदै विद्युत् क्षेत्रलाई व्यवस्थित गर्न नसक्नु सरकारको असक्षमता भएको उनले टिप्पणी गरे। उनले लोडसेडिङ अन्त्यमा कुलमान घिसिङको योगदानको चर्चा गर्दै सरकारले प्रभावकारी रूपमा काम गर्न नसके आफूहरू विकल्प दिन तयार रहेको बताए। विद्युतमा लगाइएको कर फिर्ता नगरे सरकारले नैतिकताका आधारमा

*बाँकी पृष्ठ ३ मा*

## वीरगंज चिनी कारखाना

# पुनः संचालनका कार्यदल गठन



**मधेशदृष्टि**
**वीरगंज।**
वर्षौंदेखि बन्द रहेको वीरगंज चिनी कारखाना पुनः सञ्चालनमा ल्याउने सम्भाव्यताबारे अध्ययन गर्न सरकारले कार्यदल गठन गरेको छ। मन्त्रिपरिषद्को निर्णयअनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यदल गठन गरेको हो। मन्त्रालयका अनुसार कार्यदलले वीरगंज चिनी कारखाना लिमिटेडको वर्तमान अवस्था अध्ययन गरी पुनः सञ्चालनको सम्भाव्यता र आवश्यक कार्ययोजना तयार गर्नेछ।
कार्यदलले खारेजीमा परेको कारखानाको वर्तमान अवस्था, विगतमा भएका निर्णय, पुनः सञ्चालनका लागि यसअघि तयार गरिएका अध्ययन तथा प्रतिवेदन र अब चाल्नुपर्ने कदमबारे अध्ययन गर्नेछ। कार्यदललाई १५ दिनभित्र अध्ययन पूरा गरी प्रतिवेदन पेस गर्ने समय दिइएको छ। कार्यदलको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सीडीई श्रीकान्त यादव रहेका छन्। सदस्यमा मन्त्रालयका शाखा अधिकृत र उद्योग विभागका अधिकृत प्रतिनिधि छन्।
कार्यदलले कारखाना परिसरमा रहेका भवन, भौतिक संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्था र तिनको उपयोग गर्न सकिने अवस्थाबारे समेत अध्ययन गर्नेछ। पुराना संरचना र मेसिनरी प्रयोग गरेर कारखाना पुनः सञ्चालन गर्न सकिने वा नयाँ प्रविधि तथा संरचना आवश्यक पर्ने विषयमा पनि अध्ययन गरिने मन्त्रालयले जनाएको छ।
त्यसैगरी कारखानाको स्वामित्वमा रहेको जग्गालगायत सम्पत्तिको अवस्थासमेत अध्ययन गरिने भएको छ। सम्पत्तिसँग जोडिएका समस्या पहिचान गरी समाधानका लागि आवश्यक कानुनी तथा व्यवस्थापकीय विकल्पसमेत कार्यदलले प्रतिवेदनमा समेट्नेछ।

## सम्पादकीय

# हिरासतभित्रको 'अवैध बजार' माथि छानबिन आवश्यक

जिल्ला प्रहरी कार्यालय पर्साको हिरासत कक्षभित्र सुरक्षाको जिम्मेवारीमा रहेका प्रहरीकै मिलोमतोमा खैनी, गुट्खा तथा अन्य प्रतिबन्धित सामग्री पुर्‍याएर थुनुवाबाट मनपरी रकम असुल्ने गरिएको आरोप अत्यन्त गम्भीर छ । बजारमा २० रुपैयाँमा पाइने खैनीका लागि ५ सयदेखि १ हजार रुपैयाँसम्म असुलिनु केवल आर्थिक शोषणको विषय होइन, राज्यको हिरासत व्यवस्थामाथि उठेको गम्भीर प्रश्न पनि हो। यस्ता आरोपलाई सामान्य गुनासोका रूपमा पन्छाउनु हुँदैन।

हिरासत कक्षमा बाहिरबाट सामान्य सामानसमेत सहजै लैजान नदिइने कडा सुरक्षा व्यवस्था हुन्छ । प्रवेशद्वार, ड्युटी र तलासी प्रणाली पार गरेर प्रतिबन्धित सामग्री भित्र पुग्छ भने त्यसमा सुरक्षा कमजोरी, कर्तव्यच्युतता वा जिम्मेवार व्यक्तिको प्रत्यक्ष संलग्नता—कुनै न कुनै पक्ष अवश्य जोडिएको हुन सक्छ । थुनुवाले दाबी गरेअनुसार ड्युटीमा खटिने वा ड्युटी परिवर्तनका क्रममा आउने कर्मचारी नै सामग्री पुर्‍याउने माध्यम बनेका हुन् भने यो आरोपको निष्पक्ष र प्रमाणमा आधारित परीक्षण अपरिहार्य छ।

हिरासतमा रहेका व्यक्ति कानुनी प्रक्रियामा रहेका नागरिक हुन्; उनीहरूको स्वतन्त्रता सीमित भए पनि सम्मान, स्वास्थ्य र आधारभूत अधिकार राज्यको जिम्मेवारीमा रहन्छ । प्रतिबन्धित वस्तु उपलब्ध गराएर रकम असुल्ने कार्यले थुनुवाको कमजोर अवस्थाको फाइदा उठाउँछ, हिरासतको अनुशासन बिगार्छ र प्रहरी संगठनको विश्वसनीयतामाथि प्रत्यक्ष आघात पुर्‍याउँछ । अझ गम्भीर कुरा, यस्तो गतिविधिले लागूऔषध, मोबाइल फोन, धारिलो वस्तु वा अन्य जोखिमपूर्ण सामग्रीसमेत भित्रिन सक्ने सम्भावना बढाउँछ।

यस विषयमा प्रहरी कार्यालयभित्रकै आन्तरिक छानबिन मात्र पर्याप्त नहुन सक्छ । जिल्ला प्रहरी नेतृत्व, प्रदेश प्रहरी कार्यालय तथा सम्बन्धित मानवअधिकार र निगरानी निकायको सहभागितामा स्वतन्त्र छानबिन समिति गठन गरी ड्युटी रजिस्टर, प्रवेश अभिलेख, सीसीटीभी फुटेज, तलासी प्रक्रिया तथा थुनुवाको बयान जाँचिनुपर्छ।
आरोप पुष्टि भए संलग्न प्रहरी कर्मचारीमाथि प्रचलित कानुनअनुसार कडा कारबाही हुनुपर्छ; आरोप प्रमाणित नभए पनि अनुसन्धानको निष्कर्ष सार्वजनिक गरी अनावश्यक शंका हटाउनुपर्छ।

हिरासत कक्ष कुनै कर्मचारीको निजी कमाइको थलो बन्न सक्दैन। सुरक्षा व्यवस्थामा सुधार, नियमित आकस्मिक तलासी, ड्युटीमा पारदर्शी रोटेसन, गोप्य उजुरी संयन्त्र तथा थुनुवासँग स्वतन्त्र रूपमा भेटेर गुनासो सुन्ने व्यवस्था तत्काल लागू गर्नुपर्छ। पर्सा प्रहरीले यस आरोपलाई आफ्नो प्रतिष्ठामाथिको चुनौतीका रूपमा लिएर सत्य बाहिर ल्याउनुपर्छ । हिरासतको ढोका बन्द हुँदैमा जवाफदेहिता बन्द हुँदैन; न्याय, मानव मर्यादा र कानुनी शासनको परीक्षा त्यहीँबाट सुरु हुन्छ।

# पर्यटन उद्योग विकासको मार्गचित्र

–दिनेश तुलाधर

पर्यटन उद्योगको मेरुदण्डका रुपमा रहेको आतिथ्य क्षेत्रलाई नेपालको अर्थतन्त्रको प्रमुख आधारका रुपमा लिन सकिन्छ । आतिथ्य क्षेत्रमा पनि होटल क्षेत्र व्यवसायका रुपमा मात्र नभई उद्योगका रुपमा विकास भएको छ। होटल उद्योगमा छ दशकभन्दा बढीको अवधिमा खर्बौं रुपैयाँ बराबरको निजी लगानी भइसकेको छ । यस उद्योगमार्फत रोजगारी सिर्जना, वैदेशिक मुद्रा आर्जन, लगानी विस्तार, गन्तव्य विकास तथा समग्र आर्थिक गतिविधिमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएको छ।

केही वर्षयता होटल उद्योगमा बढ्दो लगानीले मुलुकको समावेशी तथा विकेन्द्रित विकासमा होटल उद्योगले अतुलनीय भूमिका खेलेको छ । नेपालको होटल उद्योगले वार्षिक करिब ४० लाख पर्यटकलाई सेवा दिनसक्छ तर अहिले १२ लाख हाराहारी मात्रै पर्यटक आइरहेका छन्। देशभरका होटल तथा रिसोर्टहरूमा वार्षिक ४० लाखभन्दा बढी अन्तरराष्ट्रिय पर्यटकलाई सेवा प्रदान गर्ने क्षमता विकास भइसकेको छ भने लाखौँ रोजगारी सिर्जना गरी विश्वस्तरका ख्याति प्राप्त चेन होटलहरुको पनि नेपालप्रति आकर्षण बढेको पाइन्छ।

हाल नेपालमा करिब २० भन्दा बढी ठूला अन्तरराष्ट्रिय चेन होटल तथा रिसोर्टहरु सञ्चालनमा छन् भने करिब १५ जति नेपाल आउने क्रममा रहेको अवस्था आफैँमा उत्साहप्रद देखिन्छ। तारे तहका होटल तथा रिसोर्टको संख्या पर्यटन विभागमा आधिकारिक दर्ता भएका नै ३५० रहेबाट वार्षिक झन्डै एक करोडको शय्याको उपलब्ध रहेको देखिन्छ।

एकातिर होटलको संख्या र क्षमता बढ्दै गएको छ भने अर्कोतिर विदेशी पर्यटकको आगमन उल्लेख्य रुपमा बढ्न नसक्दा करिब ३५ प्रतिशत मात्र 'अकुपेन्सी' रहेको अवस्था छ। यसले उपलब्ध पूर्वाधार र लगानीको पर्याप्त उपयोग हुन नसक्दा व्यवसायीहरु निराश बन्नुपर्ने अवस्था रहेको छ।

नेपालको पर्यटन 'सिजन'मुखी भएको कारण होटल उद्योगले वर्षभरि नै एकैखालको 'अकुपेन्सी' पाउन सकिरहेको छैन । देशको पर्यटन उद्योगको अथाह सम्भावनालाई दृष्टिगत गरी चेन होटलहरुको वृद्धिसँगै लगानी विस्तार बढिरहेको अवस्था छ भने पर्यटन विकेन्द्रीकरणको अभावमा मौकामा व्यवसाय गरी अरू समय व्यवसाय धान्न मुस्किल हुने गरेको छ। विगत केही वर्षमा पर्यटन पूर्वाधार विस्तार, हवाई पहुँच सुधार तथा होटल उद्योगको विकासमा उल्लेखनीय प्रगति भए पनि अन्तरराष्ट्रिय सम्मेलन तथा प्रदर्शनी पूर्वाधारको अभाव, पर्यटकको औसत बसाइ अवधि र खर्च न्यून रहनु, उच्च सम्भावना भएका स्रोत बजारहरूबाट पर्यटक आगमनमा आएको कमी, गन्तव्य विविधीकरणको आवश्यकता, पर्यटन प्रवर्द्धनका नयाँ रणनीतिहरू तथा लगानीमैत्री नीतिगत सुधारजस्ता विषयहरू अझै पनि चुनौतीका रूपमा रहेका छन्।

नेपालको पर्यटन क्षेत्रलाई गुणात्मक रूपमा विस्तार गर्दै उच्च खर्च गर्ने खालका पर्यटकहरुलाई आकर्षित गर्ने, उनीहरुको बसाइ अवधि बढाउने, लगानी प्रवर्द्रधन गर्ने तथा नेपाललाई दक्षिण एसियाको अग्रणी पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न राज्यको सकारात्मक भूमिका आवश्यक छ । नेपाललाई अन्तरराष्ट्रिय सम्मेलन, प्रदर्शनी, खेल पर्यटन तथा आरोग्य पर्यटनको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ । काठमाडौँलाई संस्कृति कला तथा सम्पदा पर्यटन, पोखरालाई नेपालको प्रमुख पर्यटन राजधानीका रूपमा विस्तार गरी लुम्बिनीलाई शान्तिभूमि तथा चितवन वर्दिया जस्ता केन्द्रलाई वन्यजन्तु पर्यटक केन्द्रका रुपमा विकास गर्न सकिएमा पर्यटकको आगमन, बसाइ र खर्च गर्ने क्रम बढाउन सकिन्छ । जनकपुरलाई विवाह गन्तव्यका रुपमा विस्तार गरी खप्तड बडीमालिका, सैलुङजस्ता क्षेत्रहरुमा होटल तथा क्यासिनो विस्तार गर्न आकर्षक लगानी तथा वित्तीय सहजीकरणको आवश्यकता रहेको छ।

पर्यटकको औसत बसाइ अवधिमा वृद्धि र प्रतिपर्यटक खर्च वृद्धि गर्न पर्यटन उत्पादनको विविधीकरण तथा गन्तव्य व्यवस्थापनमा ध्यान दिनुपर्ने हुन्छ । खासगरी भारत, चीन बङ्गलादेश, श्रीलङ्का, अमेरिका, युरोपलगायत प्रमुख स्रोत बजारबाट पर्यटक आगमन वृद्धि गर्न विशेष रणनीति जरुरत पर्दछ । होटल तथा पर्यटन क्षेत्रमा निजी लगानी विस्तारका लागि नीतिगत तथा संस्थागत सुधारका साथै कानूनी उल्झन र अप्ठ्याराहरुलाई द्रुतगतिमा सम्बोधन गर्न तथा हवाई पहुँच, पर्यटन क्षेत्रको समग्र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा पर्यटनमैत्री वातावरण निर्माणसम्बन्धी सुधार गर्न अन्तरमन्त्रालय निकाय सम्मिलित सहजीकरण समितिमार्फत कार्य सम्पादन गरिनुपर्ने हुन्छ।

सरकार र निजी क्षेत्रको सहकार्यमा नेपालको पर्यटन क्षेत्रको आधारस्तम्भ होटल उद्योगलाई राष्ट्रिय आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा स्थापित गर्न सकिन्छ । होटल उद्योगलाई थप प्रोत्साहित गर्दा बहुआयामिक क्षेत्रमा सकारात्मक प्रभाव पुग्ने, आपूर्ति शृङ्खला अभिवृद्धि हुने, ग्रामीण विकासले गति लिने मात्र नभई नेपालले अन्तरराष्ट्रिय पर्यटक आगमन संख्या वृद्धिमार्फत पर्यटन आम्दानी, वैदेशिक लगानी र रोजगारी सिर्जनामा गुणात्मक फड्को मार्न सकिन्छ।

नेपालमा योग, ध्यान र प्राकृतिक उपचारको ठूलो सम्भावना छ । सरकारले पदयात्रा र साहसिक पर्यटनसँगै आरोग्य पर्यटनलाई पनि प्राथमिकतामा राखेकामा होटल क्षेत्रले उच्च प्रशंसा गर्दै त्यसलाई व्यवस्थित रूपमा प्रवद्र्धन गर्नसके उच्च खर्च गर्ने पर्यटक आकर्षित गर्न सकिन्छ।

मुलुकको पर्यटन प्रवद्र्धनका लागि विदेशस्थित नेपाली कूतनीतिक नियोगहरुले जुन सक्रियताका साथ कार्य गर्नुपर्ने हो सोको कार्यान्वयन हुन नसकेको र आवधिक रुपमा गरिने भौतिक उपस्थितिसहितको प्रवद्र्धनले मात्र नेपाली पर्यटन उद्योगको विकास हुन सकेको छैन । आर्थिक कूटनीतिअन्तर्गत पर्यटन कुटनीतिलाई विशेष जोड दिन परराष्ट्र मन्त्रालयअन्तर्गत पर्यटन कूटनीतिका विज्ञ व्यक्ति नियुक्त गरी पर्यटन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाहरुसमेतको ज्ञान, सीप र सञ्जालको भरपूर उपयोग गर्न आवश्यक छ।

पर्यटन नीति २०८२ को गहन विश्लेषणग गरी त्यसमा उल्लेखित विषयहरुलाई नयाँ बन्ने पर्यटन ऐनमा समेटिनुपर्ने हुन्छ । नीतिमा उल्लेख गरिएका विषयहरुको कार्यानवयन ऐनमार्फत हुने हुँदा यसले मुलुकको पर्यटन क्षेत्रलाई माथि उठाउन महत्वपूर्ण कानुनी आधार तयार गर्दछ। पर्यटन अन्तरराष्ट्रिय सम्बन्ध जोडिएको र निजी क्षेत्रले बढी भूमिका खेल्नसक्ने भएको हुँदा ऐनको तर्जुमा गरिरहँदा पर्यटन सुरक्षा, डिजिटल पेमेन्ट, कृत्रिम बौद्धिकताको प्रयोग, अनलाइन भिसालगायत धेरै कुराहरुलाई समयानुकूल बनाउँदै लैजानुपर्ने हुन्छ । नेपालको पर्यटनलाई अझ विस्तृत र परिणाममुखी बनाउन नेपाल पर्यटन बोर्डको प्रवद्धनात्मक भूमिकासँगै पर्यटनको दिगो विकासका लागि पर्यटन विकास प्राधिकरणको आवश्यकता महसुस हुन थालेको छ। मन्त्रालय, विभाग र बोर्डले मात्रै समग्र पर्यटनको विकासमा काम गर्न कठिनाइ हुने हुँदा प्राधिकरणमार्फत पूर्वाधार निर्माण, दीर्घकालीन योजनालगायतका धेरै कामहरु गर्न सहज हुने देखिन्छ।

नेपाललाई पुराना ब्रान्डिङ (प्रकृति, संस्कृति र साहसिक गन्तव्य) का रुपमा मात्र सीमित राखिँदा विश्व बजारमा अन्य मुलुकहरुमा प्रयोग भइसकेको पर्यटन उद्योगका महत्वपूर्ण हिस्साहरु अहिलेसम्म बजारीकरण तथा व्यवस्थापन गर्न सकिएको छैन। हाल अधिक मागसहित प्रचलनमा रहेका दिगो पर्यटन, आरोग्य पर्यटन, स्वास्थ्य पर्यटन, खेल पर्यटन, 'डिजिटल नोम्याड', सेवानिवृत्त पर्यटन, अनुभवात्मक पर्यटन, 'रिजेनेटिभ टुरिजम', 'ट्रान्सफर्मेटिभ टुरिजम'हरुलाई अब सहायक पर्यटनका रुपमा नराखी पर्यटन नीति २०८२ का नवीन भावनाबमोजिम तत्काल कार्यान्वयनमा लैजान प्रस्तावित पर्यटन ऐनमा अद्यावधिक गरी अन्य ऐनहरुमा पनि समयसापेक्ष सुधारको खाँचो रहेको छ।

पर्यटन तथा होटलसम्बन्धी नीति, नियम, कानुन, नियमावली, निर्देशिका तथा मापदण्डहरुलाई परिवर्तित बजारको माग, पर्यटकको रुचि आदि विषयहरुलाई सापेक्ष बनाई व्यवसाय तथा पर्यटकमैत्री बनाउन विशेष प्राथमिकताका साथ संशोधन तथा परिमार्जन गर्नुपर्ने देखिन्छ। सन् २०३० भित्रमा पर्यटकहरुले कम्तीमा पनि दैनिक औसत खर्च न्यूनतम पनि एक सय डलर पुर्‍याउने गरी ठोस कार्यनीति आवश्यक रहेको छ । आजको विश्व बजारमा परम्परागत ढङ्गले बजारीकरण हुन सक्दैन । विभिन्न पर्यटक आकर्षणका गतिविधिहरु वृद्धि गर्दै सन् २०३० भित्र पर्यटकको औसत बसाई अवधि कम्तीमा पनि २० दिन पुर्‍याउने नीति अवलम्बन गर्नुपर्ने हुन्छ।

साथै, अन्तरराष्ट्रिय पर्यटकहरुका लागि अनलाइन भिसा÷इटिए÷अन आगमन भिसामा पर्यटकमैत्री तथा प्रविधिमैत्री बनाउन सकिए निश्चय नै लक्षित पर्यटक भित्र्याउन सकिन्छ।

प्रधानमन्त्री वालेन शाहसँग केही दिनअघि होटल सङ्घ नेपाल (हान) का पदाधिकारीहरूले गरेको विशेष छलफलमा वर्तमान सरकारले निजी क्षेत्रलाई उच्च प्राथमिकता दिएकाले राज्यलाई आफ्नो बलियो साझेदार मानेर ढुक्कसँग काम गर्न प्रधानमन्त्रीले गर्नुभएको अनुरोध निकै प्रशंसनीय छ। सो अवसरमा प्रधानमन्त्री शाहले निजी क्षेत्रलाई राज्यको विकास साझेदारका रूपमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो । होटल व्यवसायीलाई कानुनको पालना गर्दै व्यवसाय सञ्चालन गर्न, साना तथा मझौला होटललाई पर्यटन विभागमा दर्ता गरी करको दायरामा ल्याउन तथा सार्वजनिक–निजी साझेदारी (विपिपी) मोडलमा गर्न सकिने सहकार्यबारे अध्ययन गर्न सकिने उनबाट भनाइप्रति व्यवसायीहरुमा नयाँ उत्साह जागृत भएको छ । अन्तरराष्ट्रिय गौरवका आयोजनाका रूपमा रहेका पोखरा र भैरहवा विमानस्थललाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन तथा राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सको सेवामा व्यापक सुधार गर्न सरकारसँग अनुरोध गरिएको छ।

यसैगरी, व्यवसायीहरूको तर्फबाट होटल उद्योगलाई अन्य उत्पादनमूलक उद्योग सरह विद्युत् महसुलमा सहुलियत दिन र साना तथा मझौला होटलका लागि २५ शय्यासम्मको सङ्क्षिप्त वातावरणीय मूल्याङ्कन अध्ययन अव्यावहारिक भएकाले त्यसलाई ५० शय्यासम्म कायम गर्न माग गरिएको थियो। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा प्रविधि हस्तान्तरणअन्तर्गत 'ट्रेडमार्क' प्रयोगको 'रोयल्टी' रकम प्रचलित करबाहेक कूल बिक्री मूल्यको पाँच प्रतिशतभन्दा नबढ्ने व्यवस्थालाई संशोधन गरी आपसी समझदारीमा मूल्य कायम गर्ने प्रबन्ध मिलाउन र होटल व्यवसायसँग सम्बन्धित अन्य पुराना कानुन संशोधन तथा पुनरावलोकन गर्न समेत माग गरिएको थियो । पर्यटन उद्योग विश्व बजारबाट तुरुन्तै प्रभावित हुने उद्योग भएका कारण विज्ञान र प्रविधिको अधिकतम प्रयोगमार्फत दिनानुदिन सञ्चालन र व्यवस्थापनका आयामहरु परिवर्तन भइरहेको समयमा प्रतिस्पर्धी र परिवर्तनमुखी बनाउन आवश्यक छ । रासस

# देश विदेश डाक्टर पठाउँदै जुम्ला

–शुरबहादुर सिंह/रासस

कर्णाली भन्ने बित्तिकै धेरैको दिमागमा विकट, अभाव, गरिबी, भोकमरी, अशिक्षा र रोगले ग्रसित क्षेत्र भन्ने मात्र आउँछ। कठिन, असहज र दुःख भोग्ने थलोको रुपमा बुझाउँछ । आज पनि कर्णालीप्रति हेर्ने अधिकांशको नजर सकारात्मक देखिदैन । त्यसमा अझ माथिल्लो कर्णाली भनेपछि धेरैले नाक खुम्च्याउने गर्दछन् । यद्यपि, कर्णालीको विगत अपेक्षा गरेभन्दा बढी फेरिएको छ।

विगतमा जिल्ला अस्पताल हुँदा एकजना डाक्टर हुन्थे, जो धेरै समय जुम्लामा बस्दैनथे । स्नातक तहको सिकारु एक जना डाक्टर पाउँदा पनि जुम्लाले हिमाली जिल्लामा आफूलाई भाग्यमानी ठान्थ्यो । त्यही सिकारु डाक्टर पाउन तड्पिने जुम्लाले भने अहिले १० जनाभन्दा बढी विशेषज्ञ डाक्टर उत्पादन गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पठाइसकेको छ । एउटा डाक्टर पाउन केन्द्रलाई गुहार्दा थाक्ने जुम्लाले विशेषज्ञ डाक्टर उत्पादन गरेको छ भन्ने कुराको विश्वास धेरैलाई नलाग्न सक्दछ।

स्वास्थ्य क्षेत्रमा जुम्लाले गरेको अभूतपूर्व सफलता पश्चिम नेपालको एउटा कोसेढुङ्गा नै सावित हुन्छ । पछिल्लो समय यसले देश तथा विदेश सेवा दिने डाक्टरहरु उत्पादन गरिसकेको छ तर यहाँ डाक्टरी पढाई होला भनेर यस अघि कोही कसैले सोचेकै थिएन किनकी यसलाई विकट भूगोल, पूर्वाधारविहीन क्षेत्र, अशिक्षा, स्रोतको अभाव, गरिबी र चेतना तथा आर्थिक दृष्टिले कमजोर ठानिन्थ्यो।
जिल्ला अस्पतालबाट स्तरोन्नति भई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका रुपमा स्थापना भएपछि भने यहाँको स्वास्थ्य अवस्थामा धेरै परिवर्तन भएको छ। प्रतिष्ठानले उपचार सेवा मात्र दिएको छैन, यसले विश्वविद्यालयस्तरको चिकित्सा विषयमा अध्ययन अध्यापनका साथै अनुसन्धानको कार्यलाई त्यत्तिकै अगाडि बढाएको छ । २०७७ सालमा चिकित्सा क्षेत्रमा स्नातकोत्तर तहको पहिलो ब्याचको पढाई सुरु हुँदा डा.रहिस कोजु र प्रशंसा ताम्राकार (जिपइएम) मुन्ना केशरी र बेदकुमार चौधरी (पेडियाट्रिसियन) र ललितसिंह धामी (एनेस्थेसिया) गरी पाँच विशेषज्ञ डाक्टर उपाधि हाँसिल गरे। त्यसैगरी प्रतिष्ठानले दोस्रो ब्याचमा दुई जिपीइएम, एक पेडियाट्रिसियन, एक अर्थोपेडिक र एक एनेस्थेसिया गरी पाँच र तेस्रो ब्याचमा चार गरी १४ जना विशेषज्ञ डाक्टर उत्पादन गरेको प्रतिष्ठानका उपकुलपति प्रा.डा.सूर्यमान मेन्याङ्म्बोले जानकारी दिए।
उनका अनुसार दोस्रो ब्याचमा पास आउट हुनुभएका पेडियाट्रिसियन डा.अकिना सैंजु अष्ट्रेलियामा चिकित्सकीय सेवा दिइरहेकी छन्। त्यस्तै, पेडियाट्रिक, जिपीइएम, अर्थोपेडिक, एनेस्थेसिया, सर्जरी र गाईनोक्लोजिष्ट विषयमा चौथो ब्याचमा चार, पाँचौ ब्याचमा नौ र छैटौं ब्याचमा दश गरी २३ विशेषज्ञ डाक्टरका लागि हाल प्रतिष्ठानमा अध्ययन भइरहेको उनले बताइन्।

**एमबिबिएस पहिलो ब्याच 'पास आउट'**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाले पहिलो ब्याचका एमबिबिएस डाक्टर उत्पादन गरेको छ । प्रतिष्ठानको २०८३ असार ६ गते शुक्रबार प्रकाशित नतिजा अनुसार १८ विद्यार्थी अन्तिम नतिजामा उत्तीर्ण भए । प्रतिष्ठानमा अध्ययनरत पहिलो ब्याचका २० मध्ये १८ विद्यार्थी एमबिबिएस उत्तीर्ण गर्न सफल भएको बताइएको छ।
एमबिबिएस पहिलो ब्याच पुरा गर्नुभएकी सिराहकी नुरजाह खातुनले सुर्खेत भनेर बुझेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला रहेछ भन्ने त्यहाँ पुगेपछि मात्र थाहा पाएको बताइन् । उनले भनिन्, 'हिमाली भूमि जुम्लाबाट डाक्टर बन्ने अवसर पाउँदा धेरै खुसी लागेको छ । तराईको मान्छे हिमाली जिल्ला जुम्लामा बसेर अध्ययन गर्नु सजिलो थिएन। सुरुमा गाह्रो भयो। अहिले त जुम्ला साँच्चिकैको सुन्दर लाग्छ जसले हामीलाई डाक्टर बन्ने सुवर्ण अवसर प्रदान गर्‍यो।'

रुपन्देही बुटबलका समीरराज जोशीले पनि एमबिबिएस अध्ययन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाटै पुरा गरेका छन्। प्रतिष्ठानको पहिलो व्याचका जोशीले भने, 'कर्णाली आएर अध्ययन गर्न पाउनु हाम्रा लागि ऐतिहासिक अवसर हो । पूर्वाधार र सडकको अझै अभाव भएकाले राज्यले प्राथमिकता दियो भने जुम्ला भविश्यमा स्वास्थ्य पर्यटनको 'हब' नै बन्नसक्छ।'

नुरजाह र समीर जस्तै एमबिबिएस पहिलो ब्याचको अध्ययन सम्पन्न गर्नुभएका बैतडीका हेमलता चन्दले इच्छाशक्तिका अगाडि विकटता र समस्या गौण बन्दारहेछन् भन्ने कुरा प्रतिष्ठानमा पढ्दै गर्दा बोध भएको बताए । आफ्नो एमबिबिएस पढ्ने सपना पुरा भएकोप्रति खुसी व्यक्त गर्दै चन्दले भने, 'सुरुमा जुम्ला प्रवेश गर्दा कतै आफूले देखेको सपना तुहिने हो कि भन्ने त्रास थियो । विस्तारै दोस्रो, तेस्रो ब्याच थपिँदै गयो । सङ्कायको पनि साथ सहयोग अति राम्रो तरिकाले पाइयो । साँच्चै भन्नुपर्दा जुम्ला हाम्रो 'करियर'को जग बनेको छ।'

प्रतिष्ठानका उपकुलपति प्रा.डा. मेन्याङ्म्बोका अनुसार पहिलो ब्याचमा १८ जना उत्पादन हुनु कर्णाली र राज्यका लागि खुसीको सन्देश भएको बताए। उनले हिमाली क्षेत्रको जुम्लामा स्थापित प्रतिष्ठानले देश तथा विदेशलाई डाक्टर जनशक्ति दिन सुरु गर्नु ऐतिहासिक उपलब्धि भएको जनाए। उनका अनुसार कर्णालीमा उत्पादन भएका एमबिबिएस डाक्टरहरुले केही महिना जुम्लामा व्यावहारिक अभ्यास (इन्टर्नशीप) गर्नेछन्। एक वर्षको इन्टर्नशीपपछि नेपाल मेडिकल काउन्सिलको परीक्षा दिएर सफल भएपछि आधिकारिक डाक्टर बनेर चिकित्सकीय सेवामा लाग्ने उनले बताए। प्रतिष्ठानका अनुसार अहिले जुम्लामा डाक्टरी पढ्न भारतीय नागरिक पनि आउन थालेका छन्।

प्रतिष्ठानमा एमबिबिएस अध्यापनरत सहायक प्राध्यापक लोकजन सिंहले कर्णाली प्रतिष्ठानमा अब छैटौं ब्याच चलिरहेको जानकारी दिए । उनका अनुसार पहिलो ब्याचमा २० जना, दोस्रो र तेस्रो ३०÷३० जना, चौथो, पाचौ र छैटौं ब्याजमा ५०÷५० जनाका दरले गरी २३० जना एमबिबिएस डाक्टर अध्ययन गरिरहेका छन् । २०७८ मंसिर २६ गते तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले जुम्लामा एमबिबिएस कक्षाको औपचारिक उद्घाटन गरेकी थिइन् । उतिबेलादेखि आजसम्म प्रतिष्ठानले निरन्तर छैटो ब्याचसम्म पढाई गरिरहेको छ । प्रतिष्ठानका उपकुलपति मेन्याङ्म्बोले आगामी वर्षमा एमबिबिएसको थप कोटाका लागि सरकारसँग माग गरिने बताए।

प्रतिष्ठानले एमबिबिएस डाक्टर उत्पादन गर्न थालेपछि यहाँका नागरिक तथा सरोकारवालाहरुले पनि खुसी व्यक्त गरेका छन्। कर्णाली स्वास्थ्य स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालका संस्थापक तथा पहलकर्ता संविधानसभा सदस्य नरेश भण्डारीले हिजो सामान्य स्वास्थ्यकर्मी नपाउने जुम्लाले एउटा अत्यासलाग्दो कालखण्ड पार गरेर आज विशेषज्ञ डाक्टर उत्पादन गरी देश तथा विदेश निर्यात गर्ने सक्षमता राख्ने विषय चानचुने नभएको बताए । उनले भने, 'संसारमा असम्भव भन्ने कुनै चिज छैन । इच्छाशक्तिका अगाडि जस्तासुकै चुनौतीका पहाडहरु मैदानमा परिणत हुन सक्छन्। नेपालको सन्दर्भमा मानव विकास सूचाङ्क बदल्न पछिल्लो समयमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको ठूलो योगदान रहेको छ । यद्यपि यो संरचना निर्माण हुने र यसले मुलुकलाई नै चिकित्सकीय सेवा दिने जनशक्ति उत्पादन गर्ला भन्ने कुरा सम्भव ठानिएको थिएन, जुन आज सम्भव भएको छ।'

नागरिक समाज जुम्लाका अध्यक्ष राजबहादुर महतले स्वास्थ्य क्षेत्रको विकासमा मात्र नभई कर्णालीको आर्थिक तथा सामाजिक रुपान्तरणमा प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहेको बताए । 'हिजो उपचारका लागि लाखौं खर्च गर्नुपथ्र्यो। आज यहीँ उपचार सम्भव भएको छ । उतिबेला एक जना मेडिकल अधिकृतका लागि सरकारसँग हारगुहार गर्नुपर्ने बाध्यता भोगेको जुम्लाले आज आफै विशेषज्ञ डाक्टर उत्पादन गरेको छ,' उनले भने, 'प्रतिष्ठानमा स्कुल अफ मेडिसिन, स्कुल अफ नर्सिङ र स्कुल अफ पब्लिक हेल्थ तीन वटा विधामा अध्ययन हुने गर्दछ । स्कुल अफ मेडिसिनमा एमबिबिएस र बि–फर्मा इन क्लिनिकल फार्मेसी पढाई भइरहेको छ। नर्सिङमा मिडवाफ्री स्नातक र बिएन समेत अध्ययन भइरहेको छ । यसैगरी स्नातकोत्तर तहका विभिन्न विषय पढाई भइरहेको छ।'

भारतीय आठ विद्यार्थी एमबिबिएस अध्ययन गर्दै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा डाक्टर पढ्न छिमेकी देश भारतबाट पनि आठ विद्यार्थी अध्ययन गरिरहेका छन्। एमबिबिएस चौथो ब्याचमा उत्तराखण्ड, मध्यप्रदेश र जम्मु काश्मीरबाट एक÷एक जना अध्ययन गरिरहेका छन् । त्यस्तै, छैटौं ब्याचमा पाँच भारतीय विद्यार्थीहरु एमबिबिएस डाक्टर अध्ययन गरिरहेका छन् । ब्याचलर इन क्लिनिकल फार्मेसीको पहिलो ब्याज ११ जना पास आउट भइसकेका छन्। दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैटौं ब्याजमा क्रमश १७, १७, १६, १४, १४ गरी ७८ जना विद्यार्थी अध्ययन गरिरहेका छन्। त्यस्तै, ब्याचलर अफ मिडवाईफेरी साइन्समा पहिलो, दोस्रो, तेस्रो र चौथो ब्याजका ६, ९ ७, ८ गरी ३० जना विद्यार्थी पास अउट भएका छन् भने पाँचौमा पाँच र छैटौंमा एक जना विद्यार्थी अध्ययनरत रहेको जनाइएको छ।

ब्याचलर अफ नर्सिङ साइन्समा पहिलो ब्याजमा सात र दोस्रो ब्याजमा १५ जना पास आउट भएका छन्। तेस्रो, चौथो, पाँचौ र छैटौं ब्याजमा क्रमशः १२, १४, १३, १३ गरी ५२ जना अध्ययनरत छन् । बीएस्सी नर्सिङमा पहिलो, दोस्रो र तेस्रो ब्याजमा क्रमशः २०, १९, २० गरी ५९ जना अध्ययन गरिरहेका छन्।

स्कुल अफ पब्लिक हेल्थको स्नातकोत्तर तहको पहिलो ब्याचमा पाँच जना पास आउट र दोस्रो र तेस्रो ब्याजमा पाँच÷पाँच जना अध्ययनरत छन्। स्नातक तहको पहिलो, दोस्रो, तेस्रो र चौथो ब्याचमा क्रमशः २०, १८, ८, ११ गरी ५७ जना पास आउट भएका छन् भने पाँचौ, छैटौं, सातौं र आठौं ब्याचमा १३, १४, १५, १५ गरी ५७ जना अध्ययनरत छन्।

स्कूल अफ फार्मेसीअन्तरगत स्नातकोत्तर तहको पहिलो ब्याचमा दुई जना पास आउट र दोस्रो ब्याचमा एक जना अध्ययनरत छन्। ब्याचलर इन क्लिनिकल फार्मेसीको पहिलो ब्याचमा ११ जना पास आउट भएका छन् । दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैटौं ब्याचमा क्रमश १७, १७, १६, १४, १४ गरी ७८ जना विद्यार्थी अध्ययन गरिरहेको प्रतिष्ठानले जनाएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# भदौ लागिसक्दा पनि महोत्तरीमा १३ प्रतिशत खेत बाँझै



**मधेशदृष्टि**
**महोत्तरी।**
भदौ लागिसक्दा पनि महोत्तरीमा धान रोपाइँ सम्पन्न हुन सकेको छैन । पर्याप्त पानी नपर्दा जिल्लामा कुल धान खेती हुने क्षेत्रफलको १३ दशमलव २ प्रतिशत जग्गामा अझै रोपाइँ हुन बाँकी छ । कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार जिल्लामा ४० हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेकोमा हालसम्म ३४ हजार ७ सय २१ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ। अझै ५ हजार २ सय ७९ हेक्टरमा धान रोप्न बाँकी रहेको केन्द्रले जनाएको छ।

जिल्लाका केही पालिकामा भने रोपाइँ लगभग सकिएको छ। लोहारपट्टी नगरपालिका, साम्सी गाउँपालिका र गौशाला नगरपालिकामा करिब ९५ प्रतिशतसम्म रोपाइँ सम्पन्न भएको छ। तर, मनराशिसवा नगरपालिका र सोनमा गाउँपालिकामा भने ५५ प्रतिशत हाराहारीमा मात्रै धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र महोत्तरीका सूचना अधिकारी अविरल कुमार महतोले बताए।

धान रोपाइँमा ढिलाइ हुनुको मुख्य कारण पर्याप्त सिँचाइ सुविधा नहुनु र वर्षा अपेक्षित नहुनु रहेको किसानको भनाइ छ । खेतमा पानी नहुँदा किसानले आफ्नै खर्चमा दमकल तथा मोटरबाट पानी तानेर रोपाइँ गर्नुपर्ने अवस्था छ।

महोत्तरीका किसान अजादुल अन्सारीका अनुसार खेतमा पानी नहुँदा सुख्खा खेतमै धान रोप्नुपर्ने बाध्यता छ । वर्षाको भरमा खेती गरिरहेका किसानलाई पानी पर्ने वा नपर्ने भन्ने अन्योल रहेको उनले बताए। अर्का किसान अताउल अन्सारीले नहरमा पानी नहुँदा सिँचाइको समस्या भएको बताए । धान नरोपी सुखै नभएकाले आवश्यक साधनस्रोतको अभाव हुँदाहुँदै पनि किसानले बाध्य भएर रोपाइँ गरिरहेको उनको भनाइ छ।

समयमै पर्याप्त वर्षा भएर खेतमा पानीको उपलब्धता बढे बाँकी क्षेत्रफलमा पनि धान रोपाइँ पूरा हुने कृषि ज्ञान केन्द्रको अपेक्षा छ । तर, वर्षा अनिश्चित बनेमा बाँकी खेतमा रोपाइँ गर्न थप समस्या हुने देखिएको छ।

# सुबोध स्मृति पत्रकारिता पुरस्कारबाट गौतम सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
यस वर्षको सुबोध स्मृति पत्रकारिता पुरस्कारबाट पत्रकार महेशचन्द्र गौतम सम्मानित भएका छन् । प्रतीक प्रकाशन गृहले आफ्नो बार्षिकोत्सवमा प्रदान गर्दै आएको उक्त पुरस्कारबाट यस वर्ष सर्वराष्ट्रिय दैनिकका प्रकाशक तथा सम्पादक गौतम सम्मान गरिएको हो । वीरगंज लक्ष्मणवा स्थित जेष्ठ नागरिक पार्कमा आयोजित प्रतिक दैनिकको चालिसौं बार्षिकोत्सव समारोहमा मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्याम पटेलले रु ५१ हजार राशीसहितको पुरस्कार गौतमलाई प्रदान गरेका हुन् ।

त्यस्तै १५ हजार नगद राशीको स्व.चिरञ्जीवि कोइराला स्मृति पुरस्कार याला डेलीका अर्जुन चौधरीलाई प्रदान गरिएको छ । यसैगरि प्रतीकका स्तम्भकारतर्फ १० हजार राशीसहित स्तम्भकार राजेन्द्र कोइराला सम्मानीत भएका छन् भने संवाददातातर्फ रु १५ हजार नगद राशीसहित ठोरीका चिरञ्जीवी सापकोटा सम्मानीत भएका छन् । त्यसैगरि प्रतीक बर्ष कर्मचारी तर्फ ५ हजार नगद सहित विजयबहादुर श्रेष्ठ पुरस्कृत भएको प्रतीक दैनिकका सम्पादक शत्रुघन नेपालले जानकारी दिए ।

प्रतीक प्रकाशनका निर्देशक बिन्दु शर्माको अध्यक्षता तथा सञ्चारकर्मी धर्मेन्द्र चौरसीयाको सहजीकरणमा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा, महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल, प्रतिक दैनिकका प्रधानसम्पादक जगदिश शर्मा, वीरगंज उद्योग बाणिज्यसंघका अध्यक्ष हरि गौतम, गीता भण्डारी, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंज क्षेत्रका निर्देशक रविणा दीदी, स्व. सुबोध सिंहका दाजु सुदर्शन सिंह लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# टीभीएसको नयाँ इलेक्ट्रिक स्कुटर ‘अर्बिटर’ सार्वजनिक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
टीभीएस मोटर कम्पनीले नेपाली बजारलाई लक्षित गर्दै नयाँ विद्युतीय स्कुटर टीभीएस अर्बिटर जनकपुरधाममा सार्वजनिक गरेको छ । कम्पनीको नेपालका लागि आधिकारिक विक्रेता जगदम्बा मोटर्स प्रालिले जनकपुरमा एक कार्यक्रम आयोजना गरी स्कुटर सार्वजनिक गरेको हो। सहरी यात्रालाई लक्षित गरी डिजाइन गरिएको अर्बिटरमा ३.१ किलोवाट–घण्टा क्षमताको ब्याट्री जडान गरिएको छ। कम्पनीका अनुसार यसले एकपटकको चार्जमा १५८ किलोमिटरको आईडीसी रेन्ज प्रदान गर्छ । स्कुटरमा हिल होल्ड असिस्ट, क्रुज कन्ट्रोल र ३४ लिटर क्षमताको बुट स्पेसलगायत सुविधा छन्। अर्बिटरको अर्को विशेषता १४ इन्चको फ्रन्ट ह्विल हो । कम्पनीले यसलाई आफ्नो श्रेणीमा स्थिरता र राइड कम्फर्ट बढाउने उद्देश्यले प्रयोग गरिएको ठूलो अगाडिको पाङ्ग्रा भएको स्कुटरका रूपमा प्रस्तुत गरेको छ। ठूलो फ्रन्ट ह्विलसँगै यसको ग्राउन्ड क्लियरेन्स १६९ मिलिमिटर रहेको छ।

स्कुटरमा आधुनिक डिजाइनसँगै लामो फ्ल्याटफर्म सिट र स्ट्रेट–लाइन फुटबोर्ड राखिएको छ । ८४५ मिलिमिटर लामो सिट तथा २९० मिलिमिटरको फुटबोर्डले चालक र पछाडि बस्ने यात्रुलाई पर्याप्त ठाउँ उपलब्ध गराउने कम्पनीको दाबी छ । दुईवटा हेल्मेट राख्न सकिने ३४ लिटरको अन्डर–सिट स्टोरेजसमेत यसमा रहेको छ।

प्रविधितर्फ अर्बिटरमा कनेक्टेड मोबाइल एप, कल तथा एसएमएस नोटिफिकेसनसहितको डिजिटल एलसीडी क्लस्टर, टर्न–बाई–टर्न नेभिगेसन, रिमोट ब्याट्री तथा ओडोमिटर जाँच र ओटीए अपडेटको सुविधा दिइएको छ।

त्यस्तै, दुर्घटना तथा स्कुटर ढलेको सूचना, चोरी तथा टोइङ अलर्ट, जियोफेन्सिङ, टाइमफेन्सिङ र लाइभ लोकेसन ट्र्याकिङजस्ता सुरक्षा सुविधा पनि स्कुटरमा समावेश छन्। पार्किङ असिस्ट, हिल होल्ड असिस्ट र क्रुज कन्ट्रोलले सहरी यात्रालाई थप सहज बनाउने कम्पनीको भनाइ छ।

अर्बिटरमा इको र सिटी गरी दुईवटा राइडिङ मोड उपलब्ध छन् । रिजेनेरेटिभ ब्रेकिङ प्रणालीका कारण ब्याट्रीको उपयोगलाई थप प्रभावकारी बनाउन सकिने कम्पनीले जनाएको छ।

## पत्रकार श्रेष्ठलाई रिहा गर्न सर्वोच्चको परमादेशः

# ‘हिरासतमा राखिरहनुपर्ने अवस्था देखिएन’



**मधेशदृष्टि**
**काठमाडौं।**
सर्वोच्च अदालतले पत्रकार किशोर श्रेष्ठलाई हिरासतबाट रिहा गर्न परमादेश जारी गरेको छ । वैयक्तिक गोपनीयताको हक उल्लंघन गरेको आरोपमा पक्राउ परेका श्रेष्ठलाई हाजिरी जमानीमा छाडेर वा तारिखमा राखी अनुसन्धान प्रक्रिया अघि बढाउन सर्वोच्चले आदेश दिएको हो । श्रेष्ठकी पत्नी सरस्वती श्रेष्ठले दायर गरेको बन्दी प्रत्यक्षीकरण रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले उनलाई निरन्तर हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने अवस्था नदेखिएको निष्कर्ष निकालेको हो।

जनआस्था अनलाइनमा प्रकाशित समाचार तथा त्यसमा प्रयोग गरिएको तस्वीरलाई लिएर वैयक्तिक गोपनीयताको हक उल्लंघन भएको उजुरी परेपछि प्रहरीले श्रेष्ठलाई गत साउन २७ गते पक्राउ गरेको थियो । पक्राउपछि उनीमाथि हिरासतमा राखेर अनुसन्धान भइरहेको थियो । तर सर्वोच्च अदालतले घटनासँग जोडिएको तस्वीरबारे महत्वपूर्ण तथ्य औंल्याउँदै श्रेष्ठलाई हिरासतमा राखिरहनुपर्ने कानुनी आधार नदेखिएको जनाएको छ । अदालतको आदेशअनुसार, श्रेष्ठले समाचारमा प्रयोग गरेको उक्त तस्वीर जाहेरवालाले स्वयं आफ्नो सामाजिक सञ्जालमा सार्वजनिक गरेको देखिएको थियो।

अदालतले आदेशमा उल्लेख गरेको उक्त तथ्यलाई विपक्षी पक्षले खण्डन गर्न नसकेको पनि जनाएको छ । यही आधारमा अनुसन्धानका लागि श्रेष्ठलाई निरन्तर थुनामा राख्नु आवश्यक नदेखिएको सर्वोच्चको निष्कर्ष छ । सर्वोच्चको आदेशसँगै पत्रकार श्रेष्ठको पक्राउ र हिरासतमा राखेर गरिएको अनुसन्धानको औचित्यमाथि समेत प्रश्न उठेको छ। समाचार तथा तस्वीर प्रकाशनको विषयलाई लिएर पत्रकारलाई पक्राउ गरी हिरासतमा राखिएको घटनामा सर्वोच्च अदालतले नै रिहा गर्न परमादेश जारी गरेपछि यसले 'पत्रकारिता, अभिव्यक्ति स्वतन्त्रता र अनुसन्धानका नाममा हुने पक्राउको कानुनी सीमाबारे बहस' थप चर्काएको छ।

# वीरगंज नाकाबाट साउनमा मात्रै ११ हजार ७१५ टन मल भित्रियो

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज नाकाबाट साउन महिनामा ११ हजार ७१५ टन युरिया र डिएपी मल नेपाल भित्रिएको छ । मलको अभाव झेलिरहेका किसानलाई नयाँ खेपको आगमनले केही राहत पुग्ने अपेक्षा गरिएको छ । हालसम्म ११ हजार ७१५ टन मल नेपाल भित्रिइसकेको छ। थप मल पनि क्रमशः भित्रिने क्रममा रहेको छ। मल बोकेका रेल्वे र्‍याक भारतको सीमावर्ती सहर रक्सौलस्थित रेल्वे स्टेसन तथा वीरगंजको सिर्सिया सुख्खा बन्दरगाहमा आइरहेका छन् । वीरगंज नाकाबाट भित्रिएको मल कृषि सामग्री कम्पनीका वीरगंज, भैरहवा र विराटनगरस्थित प्रादेशिक कार्यालयमा वितरण गरिनेछ। भैरहवा प्रादेशिक कार्यालयले प्राप्त गर्ने अधिकांश मलसमेत वीरगंज नाकाबाटै आपूर्ति हुने गरेको कम्पनीले जनाएको छ।

# मिथिला क्षेत्रमा ‘लगपाँच’ पर्व मनाइयो

**महोत्तरी।**
मधेशको प्राचीन मिथिला क्षेत्रमा सोमबा 'लगपाँच' पर्व मनाइएको छ । यो पर्वमा नाग (सर्प) प्रजातिका जीवको पूजा गरेर मनाइन्छ । यस वर्ष भदौ सङ्क्रान्तिका दिन उक्त पर्व मनाउन लागिएको हो ।

सामान्यतया सौरमास साउनमै पर्ने गरेपनि यसपालि गत जेठमा परेको अधिकमासले चन्द्रमासका तिथिपछि धकेलिँदा भदौ लागेको मैथिल कर्मकाण्डी पुरोहितले बताए । सौरमासले सोमबार भदौ सङ्क्रान्ति भए पनि चन्द्रमास परम्परामा यो पर्व मनाउने चलन छ।

हिन्दू मैथिल परम्पराको 'लगपाँच' पर्वमा घरका चारैतिर भित्तामा गाईको गोबरले नागको चित्र कोरिन्छ । गोबरले कोरिएको चित्रमा दुबो, सिन्दूर र अक्षता चढाईंदै नाग देवताको पुकारा र पूजा गरिन्छ। यस दिन नागले रुचाउने दूध, लावा (धान र जुनेलो भुटेर बनाइएको परिकार) चढाइने मैथिल परम्परा छ। मिथिला धैरजसो पर्वविधि घरकी मुख्य महिलाले गर्ने चलनअनुसार यो पर्वको पूजा घरकी गृहिणीले गर्छिन्।

घरका मुख्य महिलाले बिहान पवित्र स्नान गरेर पर्वको तयारी गरिने चलन रहेको मैथिल कर्मकाण्डका जानकार भङ्गाहा–५, सिद्धपुरका सन्तोष झाले जानकारी दिए । मिथिलामा 'लगपाँच' लगायत चाडबाड आउन थालेका सूचनाका रूपमा लिने गरिन्छ । 'लगपाँच' लगत्तै राखी (रक्षाबन्धन), भदैया रैब, कृष्णाष्टमी, कुशे अमावस्या चौरचन, इन्द्रजात्रा, पितृपक्ष, जितिया, दशहरा, दीपावली, छठलगायत पर्व एकपछि अर्को आउने हुँदा 'लगपाँच' लाई चाडबाड सुरु भएको सूचना मान्ने गरिएको छ।

साउन÷भदौ सर्पादिको भय हुने हुँदा नागको पूजा गर्ने र नागलाई खुसी बनाउन पूर्वजले यो परम्परा बसाएका शिला ठाकुरले बताइन् । घरको भित्तामा गाईको गोबरले नागचित्र कोरेर पूजा गरेमा वर्षभरि सर्पको भय नहुने जनविश्वास रहेको मिथिला संस्कृतिविद् जलेश्वर–५ का धुव्र राय बताउँछन्। रासस

# चितवनबाट बाघ पर्सा पठाइयो

**चितवन।**
चितवन राष्ट्रिय निकुञ्जले आइतबार नियन्त्रणमा लिएको बाघलाई पर्सा राष्ट्रिय निकुञ्ज पठाएको छ। यहाँ राख्ने खोरको अभावका कारण पर्सा पठाइएको हो निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले जानकारी दिए । शुक्रबार राप्ती नगरपालिका–१ मा देखिएको अन्दाजी चार वर्षको भाले बाघलाई आइतबार बिहान डार्ट गरेर नियन्त्रणमा लिइएको थियो। उनका अनुसार अहिले निकुञ्जले समस्या ग्रस्त बाघहरु नियन्त्रणमा लिएर खोरमा राख्ने गरेको छ । हाल निकुञ्जका खोरमा सात वटा बाघ रहेका छन्।

निकुञ्जमा समस्या ग्रस्त बाघलाई राख्नका लागि खोरको अभावले पर्सा पठाउनु परेको हो।

अहिले निकुञ्जको मुख्यालय कसरामा तीन वटा, देवनगरमा दुई वटा र सौराहामा दुई वटा बाघ रहेका छन्।

निकुञ्जका खोरमा रहेका बाघमा पाँच वटा भाले र दुई वटा पोथी रहेका छन् । निकुञ्जमा खोरको अभावले समस्या ग्रस्त बाघ व्यवस्थापनमा चुनौती थपिएको उनले बताए । निकुञ्जको खोरमा रहेका बाघमध्ये एउटा बाँकेबाट ल्याइएको हो भने अन्य चितवन राष्ट्रिय निकुञ्ज र आसपासका मध्यवर्ती क्षेत्रबाट समस्या ग्रस्त भएपछि नियन्त्रणमा लिइएको थियो।

पछिल्लो गणनाअनुसार यस निकुञ्जमा १४५ वटा बाघ रहेका छन् । यो निकुञ्ज सबैभन्दा धैरै बाघ भएको निकुञ्ज हो।

निकुञ्जको वरिपरि बस्ती भएकाले जुनसुकै बेला थप बाघ नियन्त्रणमा लिनुपर्ने अवस्था आएमा ठाउँको अभाव हुने उनले बताए। चितवन राष्ट्रिय निकुञ्जभित्रका खोरमा बाघ थपिँदा आहारा पुर्याउनसमेत कठिन बन्दै आएको छ। रासस

# ठूलो परिमाणमा लागूऔषध गाँजासहित ट्याक्टर बरामद

**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिकाबाट प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजासहित एउटा ट्याक्टर बरामद गरेको छ । प्रहरीका अनुसार आइतबार राति जगरनाथपुर गाउँपालिका–४ स्थित सडकबाट २१२ किलो गाँजासहित मे १ त ५७१४ नम्बरको सोनालिका ट्याक्टर नियन्त्रणमा लिइएको हो।

पटेर्वा सुगौली गाउँपालिका–सोनवर्षाबाट गाँजा लोड गरी भारततर्फ लैजान लागिएको विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट प्रहरी निरीक्षक समुन्नत अधिकारीको नेतृत्वमा टोलीले गाँजा सहितको ट्याक्टर नियन्त्रणमा लिन सफल भएको हो । राति करिब ११:३० बजे जगरनाथपुर गाउँपालिका–४ मा प्रहरी टोलीलाई देखेपछि ट्याक्टर चालक तथा गाँजा तस्करीमा संलग्न व्यक्तिहरू ट्याक्टर छाडेर फरार भएको प्रहरीको भनाई छ।

# निलम्बित मेयर सिंहको मुद्दामा साक्षी बुझ्ने आदेश

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका निलम्बीत मेयर राजेशमान सिंहविरुद्धको मुद्दामा विशेष अदालतले साक्षी बुझ्ने प्रक्रिया अघि बढाउन आदेश दिएको छ।

सोमबार विशेष अदालतको इजलास नम्बर २ मा भएको सुनुवाइपछि न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त बराल, हेमन्त रावल र विदुर खरेलको इजलासले यस्तो आदेश दिएको हो। उक्त मुद्दामा अब अभियोजन पक्षका साक्षीहरू बुझ्ने प्रक्रिया अघि बढ्नेछ । अख्तियारले गत जेठ २६ गते तत्कालिन मेयर सिंहसहित सात जनालाई प्रतिवादी बनाएर भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

गलत लिखत तयार गरेको आरोपमा दायर मुद्दामा वीरगञ्ज महानगरपालिका–३ का तत्कालीन वडासचिव भिखारी राय, कार्यवाहक वडाध्यक्ष तुफैल अख्तर ठकुराई, पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी षड्कुमार पोखरेलसहित सरकारी कर्मचारी र गृह मन्त्रालयबाट गठित छानबिन समितिका पदाधिकारीलाई पनि प्रतिवादी बनाइएको छ।

# बालेन सरकारले जनताको ......

मार्गप्रशस्त गर्नुपर्ने उनको भनाइ थियो।

विद्युत्मा कर थपिँदा त्यसको प्रत्यक्ष प्रभाव उद्योग, होटल, स्टुडियो, सैलुन तथा विद्युतीय सवारी साधन चार्जिङलगायत क्षेत्रमा पर्ने राउतले बताए।

विद्युत् महसुल बढ्दा सर्वसाधारणको घरायसी खर्चसमेत बढेको उनको दाबी थियो । उनले सरकारले जनताका आधारभूत समस्या समाधान गर्न नसकेको आरोपसमेत लगाए।

न्यासको अभाव, राहदानी बनाउन लामो लाइन र अस्पतालमा उपचारका लागि हुने भीडले मुलुकको सेवा प्रवाह कमजोर रहेको देखाएको उनको भनाइ थियो।

प्रधानमन्त्रीको कार्यशैलीमाथि टिप्पणी गर्दै राउतले सरकारभित्र प्रभावकारी समन्वय हुन नसकेको बताए। प्रधानमन्त्री आफैं दल, कर्मचारी संयन्त्र र सल्लाहकारबाट पर्याप्त सहयोग नपाएर घेराबन्दीमा परेको जस्तो देखिएको उनको टिप्पणी थियो । सरकार सञ्चालनमा आवश्यक समन्वय र सहकार्य नहुँदा प्रधानमन्त्रीले एक्लै चमत्कार गर्न नसक्ने भन्दै राउतले वर्तमान अवस्थाबाट निकासका लागि सरकार गम्भीर बन्नुपर्ने बताए । उनले जनताको आधारभूत आवश्यकतासँग जोडिएका सेवामा कर लगाउने निर्णय तत्काल पुनर्विचार गर्नुपर्ने माग गरे।

# अवैध बालुवा उत्खनन् गर्ने
# १९ ट्याक्टर र १५ चालक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सामा अवैध रूपमा नदीजन्य बालुवा उत्खनन गर्नेविरुद्ध प्रहरीले कारबाही तीव्र बनाएको छ । विभिन्न स्थानमा छापा तथा निगरानीका क्रममा प्रहरीले अवैध बालुवा उत्खननमा संलग्न '१९ वटा ट्र्याक्टरसहित १५ जना चालकलाई नियन्त्रणमा' लिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार नदी तथा खोलाबाट अनुमति बिना बालुवा उत्खनन भइरहेको सूचनाका आधारमा विभिन्न मिति र स्थानमा प्रहरी टोली परिचालन गरिएको थियो । सोही क्रममा बालुवा उत्खननमा प्रयोग भइरहेका ट्र्याक्टर र चालकलाई नियन्त्रणमा लिइएको हो।

प्रहरीले नियन्त्रणमा लिएका ट्र्याक्टर तथा चालकलाई थप अनुसन्धान र आवश्यक कानुनी कारबाहीका लागि पर्सागढी नगरपालिकाको कार्यालयमा दाखिला गरेको जनाएको छ । अवैध उत्खननमा प्रयोग भएका ट्र्याक्टरहरू पर्साको पटेर्वासुगौली गाउँपालिका–४ निचुटा र पर्सागढी नगरपालिका–३ वडनिहार लगायतका स्थानबाट नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

यसैबीच, पर्सा प्रहरीले भन्सार छली गरी भारतबाट नेपालतर्फ ल्याइँदै गरेका सात वटा पाडोसहित एक जनालाई पनि नियन्त्रणमा लिएको छ । साउन ३१ गते साँझ करिब ६ः३५ बजे, पकाहामैनपुर गाउँपालिका–१ धोरेस्थित दशगजा क्षेत्रबाट भारततर्फबाट अवैधरूपमा भैंसी तथा पाडो नेपाल भित्र्याउने प्रयास भइरहेको सूचनाका आधारमा प्रहरी टोली परिचालन गरिएको थियो । प्रहरी चौकी धोरेबाट खटिएको टोलीले भारतबाट डो¥याउँदै नेपालतर्फ ल्याइँदै गरेका करिब दुई लाख ४० हजार रुपैयाँ बराबरका सात वटा पाडो नियन्त्रणमा लिएको हो । घटनामा संलग्न रहेको आरोपमा पर्साको बिन्दवासिनी गाउँपालिका–५ निवासी ३८ वर्षीय फिदा हुसेनलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। पाडोसहित पक्राउ परेका हुसेनलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाउने प्रक्रिया भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले अवैध नदीजन्य पदार्थ उत्खनन र भन्सार छली नियन्त्रणका लागि जिल्लाका विभिन्न क्षेत्रमा निगरानी र कारबाहीलाई थप प्रभावकारी बनाइएको जानकारी दिए।

पर्सामा एकातिर नदीजन्य पदार्थको अवैध दोहन र अर्कोतर्फ सीमावर्ती क्षेत्रबाट हुने चोरी पैठारी निरन्तर चुनौतीका रूपमा देखिँदै आएको अवस्थामा प्रहरीको पछिल्लो कारबाहीले अवैध उत्खनन र तस्करीमा संलग्नमाथि निगरानी कडा पारिएको संकेत दिएको छ।

# ११ वर्षपछि मिथिलाका
# ११० परिवारले पाए जग्गाधनी पुर्जा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको मिथिला नगरपालिका–४ का ११० परिवारले जग्गा नापजाँच भएको करिब ११ वर्षपछि जग्गाधनी पुर्जा प्राप्त गरेका छन् । साविक कजरारमौल गाउँ विकास समितिअन्तर्गत पर्ने गाउँ ब्लक तथा स्ववासी जग्गाको बाँकी प्रक्रिया पूरा गर्दै नापी कार्यालय धनुषाले स्थानीयलाई पुर्जा वितरण गरेको हो।

नापी कार्यालयका अनुसार उक्त क्षेत्रको जग्गा नापजाँच तथा नापनक्साको काम आर्थिक वर्ष २०७१÷७२ मै सम्पन्न भएको थियो । तर, नापजाँचपछि जग्गा दर्ताका लागि आवश्यक प्रक्रिया अघि बढाउन स्थानीयको सहभागिता पर्याप्त हुन नसक्दा पुर्जा वितरणमा लामो समय लागेको हो।

नापजाँच सम्पन्न भए पनि दर्ता प्रक्रिया टुंगिन नसक्दा स्थानीयवासी वर्षौंदेखि आफ्नो जग्गाको कानुनी स्वामित्व प्रमाणित गर्ने आधिकारिक दस्तावेजबाट वञ्चित थिए। नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारका अनुसार यसअघि नापनक्सा भइसकेका गाउँ ब्लक तथा स्ववासी जग्गाको बाँकी प्रक्रिया पूरा गरी पुर्जा वितरण गरिएको हो।

आवश्यक कागजात र विवरण संकलन तथा अन्य कानुनी प्रक्रिया पूरा भएपछि ११० परिवारलाई ११० थान जग्गाधनी पुर्जा उपलब्ध गराइएको उनले बताए।

लामो प्रतीक्षापछि पुर्जा हात परेपछि स्थानीयवासीले राहत महसुस गरेका छन् । जग्गाधनी पुर्जा प्राप्त भएसँगै जग्गाको स्वामित्व सुरक्षित हुनुका साथै बिक्री, नामसारी, धितो तथा अन्य प्रशासनिक र कानुनी काममा समेत सहज हुने उनीहरूको विश्वास छ।

नापजाँच भएको लामो समय बितिसक्दा पनि दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक तथा स्ववासी जग्गा अन्य क्षेत्रमा समेत रहेका छन् । स्थानीयवासीले बाँकी जग्गाको प्रक्रिया पनि शीघ्र टुंग्याएर पुर्जा वितरण गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

## ३० करोड खर्च, वर्षभरमा ६ कानुनः
# सत्ता फेरबदलले थलियो मधेश प्रदेशसभा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशसभाले गत आर्थिक वर्षमा ३० करोड रुपैयाँभन्दा बढी खर्च गरे पनि कानुन निर्माणमा भने अपेक्षाकृत कमजोर अवस्था देखिएको छ । एक वर्षको अवधिमा प्रदेशसभाबाट जम्मा ६ वटा विधेयक पारित भएका छन् । तीमध्ये तीनवटा बजेटसम्बन्धी र तीनवटा अन्य विषयका छन् । प्रदेशसभा सचिवालयका अनुसार गत वर्ष पारित भएका गैरबजेट विधेयकमा प्रदेश विकास खेलकुद विधेयक, बालिका संरक्षण विधेयक र प्रदेश बाल अधिकार ऐन, २०७७ को पहिलो संशोधन विधेयक छन् । यी तीनवटै विधेयक २०८२ साउनमै प्रदेश प्रमुखबाट प्रमाणीकरण भई कार्यान्वयनमा आएका हुन् । बाँकी तीनवटा विधेयक चालु आर्थिक वर्षको बजेटसँग सम्बन्धित छन्, जुन असार मसान्तमा पारित भएका थिए।

कानुन निर्माणको गति सुस्त भए पनि प्रदेशसभाले गत आर्थिक वर्षमा ३७ वटा बैठक भने गरेको थियो । प्रदेशसभा सचिवालयका उपसचिव तथा सूचना अधिकारी सुरेन्द्र महतोका अनुसार हिउँदे र बजेट अधिवेशनअन्तर्गत ती बैठक बसेका हुन् । उनका अनुसार साउनमा तीनवटा विधेयक पारित भएपछि अर्को कानुन पारित गर्न प्रदेशसभाले करिब १०÷११ महिना कुर्नुपरेको थियो। दोस्रो कार्यकाल सुरु भएको चार वर्ष बितिसक्दा मधेश प्रदेशसभाबाट अहिलेसम्म १७ वटा विधेयक र एउटा नियमावली मात्रै पारित भएका छन्। पहिलो कार्यकालमा भने प्रदेशसभाले ६६ वटा कानुन निर्माण गरेको थियो । यसले दोस्रो कार्यकालमा प्रदेशसभाको विधायिकी सक्रियता निकै खस्किएको देखाउँछ।

गत वर्ष केही विधेयक समितिगत छलफलपछि फिर्ता भएका छन्। प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ र गाउँसभा, नगरसभा तथा जिल्लासभाको कार्यसञ्चालन कार्यविधि ऐन, २०७७ संशोधन गर्न बनेका विधेयक छलफलपछि फिर्ता भएका हुन्। त्यस्तै, प्रदेश बीउबिजनसम्बन्धी विधेयक, प्रादेशिक व्यापार तथा व्यवसाय प्रवद्र्धनसम्बन्धी विधेयक र मधेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसम्बन्धी विधेयक प्रदेशसभामा दर्ता भएर छलफलको चरणमा छन् । प्रदेश जीवनाशक विषादी व्यवस्थापनसम्बन्धी विधेयक तथा मधेश प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी विधेयक दर्ता भए पनि अझै सदनमा टेबल हुन बाँकी छन्।

प्रदेशसभा सचिवालयले गत आर्थिक वर्षमा ३० करोड ३१ लाख ६३ हजार ६८६ रुपैयाँ खर्च गरेको छ । प्रदेशसभाका लागि विनियोजित ४६ करोड २३ लाख ८४ हजार रुपैयाँमध्ये करिब ६५ प्रतिशत खर्च भएको हो। सरकार परिवर्तनपछि रोकिएको स्वकीय सचिवहरूको पारिश्रमिकसमेत यस वर्ष एकमुष्ट वितरण गरिएको सचिवालयले जनाएको छ । प्रदेशसभा उपसभामुख बबिताकुमारी राउत ईशरले लगातारको राजनीतिक खिचातानी र सत्ता समीकरण परिवर्तनका कारण सदनले अपेक्षाअनुसार काम गर्न नसकेको बताइन्। उनका अनुसार सत्ता परिवर्तनसँगै प्रदेशसभाको काम प्रभावित भएको हो। जेनजी आन्दोलनको प्रभावसमेत प्रदेशसभाको काममा परेको उनको भनाइ छ।जनमत पार्टीका प्रदेशसभा सदस्य चन्दन सिंह भने सरकारले प्रदेशसभालाई पर्याप्त 'बिजनेस' दिन नसक्दा कानुन निर्माण प्रभावित भएको आरोप लगाउँछन् । सरकारको प्राथमिकता कानुन निर्माण र संघीयता सुदृढीकरणभन्दा सत्ता टिकाउन केन्द्रित भएकाले प्रदेशसभाको भूमिका कमजोर बनेको उनको दाबी छ।

गत एक वर्षमा मधेश प्रदेशमा पटकपटक सत्ता समीकरण फेरिएको छ। जनमत पार्टीका मुख्यमन्त्री सतीशकुमार सिंहले पद छाडेपछि लोसपाका जितेन्द्रप्रसाद सोनल मुख्यमन्त्री बने । विश्वासको मत जुटाउन नसकेपछि उनको सरकार लामो समय टिक्न सकेन । त्यसपछि एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बने पनि समर्थन कायम राख्न नसक्दा उनले पनि पद त्यागे । त्यसपछि कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा बनेको गठबन्धन सरकारले निरन्तरता पाउँदै आएको छ । सत्ता समीकरणको फेरबदल प्रदेशसभाभित्रै पनि देखिएको थियो। मधेश प्रदेशमा पहिलोपटक प्रदेशसभाका सभामुखलाई दुई तिहाइ बहुमतबाट पदमुक्त गरिएको थियो। १०७ सदस्यीय प्रदेशसभामा सभामुख रामचन्द्र मण्डलविरुद्धको प्रस्तावको पक्षमा ७६ मत परेपछि गत मंसिर ३ गते उनी पदबाट हटाइएका थिए।

सत्ता संघर्षकै कारण प्रदेशसभाको काम प्रभावित भएकोमा सत्तापक्ष र प्रतिपक्ष दुवैबाट फरक–फरक टिप्पणी हुँदै आएको छ । प्रतिपक्षमा पुगेका जनता समाजवादी पार्टीका प्रदेशसभा सदस्य उपेन्द्र यादवले केन्द्रको सत्ता समीकरणको प्रभाव प्रदेशसम्म पर्दा प्रदेश सरकार र प्रदेशसभा थप अस्थिर बनेको बताए । उनका अनुसार सत्ता भागबन्डा र नेतृत्व परिवर्तनको राजनीतिले विकास तथा कानुन निर्माणको काम ओझेलमा परेको छ । मधेश प्रदेश संघीयताको आन्दोलनको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित भए पनि प्रदेश सरकार र दलहरूले संघीयता कार्यान्वयनलाई अपेक्षित गति दिन नसकेको आलोचना बढ्दै गएको छ । प्रदेश संरचनामाथि नै प्रश्न उठिरहेका बेला प्रदेशसभाको कमजोर विधायिकी प्रदर्शनले यस्तो बहसलाई थप बल दिएको छ।

राजनीतिक विश्लेषक तथा बुद्धिजीवी रोशन जनकपुरीका अनुसार गठबन्धन सरकारहरू जनताको आवश्यकता र नीति निर्माणभन्दा सत्ता जोगाउने अंकगणितमा बढी केन्द्रित हुँदा प्रदेशसभाको प्रभावकारिता घटेको हो। राजनीतिक दलहरू जनताप्रति जवाफदेही हुन नसक्नु र व्यक्तिगत तथा दलगत स्वार्थ हाबी हुनु अहिलेको मुख्य समस्या रहेको उनको विश्लेषण छ । उनका अनुसार संघीयताले काम गरेन भन्ने धारणा निर्माण भइरहे पनि विगत दुई दशकको अवस्था तुलना गर्दा शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायत क्षेत्रमा उल्लेख्य परिवर्तन भएका छन्। तर संघीयताको वास्तविक लाभ जनतासम्म पु¥याउन प्रदेश सरकार र राजनीतिक दलहरूले आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको उनले बताए।

## गाँजा तस्करीको ट्याक्टर प्रकरणः
# पाँच महिनापछि कारोबारी पक्राउ
# लेनदेन विवादबाट खुल्दै नयाँ कडी




**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जगरनाथपुर गाउँपालिका–४ बाट पाँच महिनाअघि २ सय १३ केजी गाँजासहित नियन्त्रणमा लिइएको ट्र्याक्टर प्रकरणमा प्रहरीले अनुसन्धानको दायरा अघि बढाउँदै एक जना संदिग्ध कारोबारीलाई पक्राउ गरेको छ। उक्त गाँजा तस्करी प्रकरणको अनुसन्धानका क्रममा प्रहरीले पटेर्वासुगौली गाउँपालिका–१ सोनवर्षा निवासी हयात अन्सारीलाई नियन्त्रणमा लिएको हो।

इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीको टोलीले अन्सारीलाई गत शुक्रबार नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको हो । उनी हाल इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीको हिरासतमा रहेको प्रहरीले जनाएको छ।

गत फागुन २६ गते प्रहरीले जगरनाथपुर गाउँपालिका–४ बाट मे १ त ५७१४ नम्बरको ट्र्याक्टरमा लोड गरिएको २ सय १३ केजी गाँजा बरामद गरेको थियो । गाँजासहित ट्र्याक्टर नियन्त्रणमा लिएपनि त्यसबेला चालक तथा तस्करीमा संलग्न अन्य व्यक्तिहरू फरार रहेकाले कसैलाई पक्राउ गर्न नसकिएको प्रहरीको भनाइ थियो। घटनाको करिब पाँच महिनापछि प्रहरीले उक्त ट्र्याक्टरको वास्तविक धनी तथा गाँजा ओसारपसारमा संलग्न व्यक्तिको खोजी तीव्र बनाएको छ । सोही क्रममा अनुसन्धानका लागि हयात अन्सारीलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारीले पुष्टि गरे।

'शंका लागेपछि अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिइएको हो,' प्रहरी निरीक्षक अधिकारीले भने, 'बरामद भएको ट्र्याक्टरको धनी को हो भन्ने अझै स्पष्ट हुन सकेको छैन। यातायात व्यवस्था कार्यालयसँग बुझ्ने काम भइरहेको छ ।' तर अन्सारी पक्राउ पर्नुअघि भएको अर्को घटनाले भने गाँजा कारोबारसँग जोडिएको आर्थिक लेनदेन र सीमावर्ती क्षेत्रमा सक्रिय सञ्जालमाथि थप प्रश्न उठाएको छ।

प्रहरी स्रोतका अनुसार, मकवानपुरको मनहरी क्षेत्रका एक गाँजा कारोबारीलाई कारोबारको लेनदेनसम्बन्धी विवादपछि सोनवर्षाका समसुल र हयातसहित केही व्यक्तिले सोनवर्षामै रहेको एक स्थानमा पाँच–सात दिनसम्म राखेको आरोप छ। ती व्यक्तिको सम्पर्क नहुँदा उनकी पत्नीले प्रहरीमा उजुरी गरेपछि इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट प्रहरी टोली परिचालन गरिएको थियो।

प्रहरी टोलीले गत शुक्रबार सोनवर्षा पुगेर ती व्यक्तिलाई फेला पारेको थियो । उनलाई उद्धार गरी उनकी श्रीमतीको जिम्मा लगाएर घर पठाइएको प्रहरी स्रोतको भनाइ छ। सोही घटनापछि हयात अन्सारीलाई नियन्त्रणमा लिएर पाँच महिनाअघि बरामद भएको गाँजासहितको ट्र्याक्टर प्रकरणसँग जोडेर अनुसन्धान थालिएको स्रोतले जनाएको छ।

यद्यपि, इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक अधिकारीले भने ती व्यक्तिलाई अपहरण वा बन्धक बनाएर राखिएको दाबी अस्वीकार गरेका छन् । उनका अनुसार गाँजा कारोबारको लेनदेनसम्बन्धी विवादका कारण ती व्यक्ति सोनवर्षास्थित एउटा कुखुरा फारममा बसिरहेका थिए। 'अपहरण वा बन्धक बनाएर राखेको भन्ने होइन,' उनले भने, 'लेनदेनको विवादमा ती व्यक्तिलाई सोनवर्षास्थित कुखुरा फारममा राखिएको रहेछ। हामीले उनलाई उनकी श्रीमतीको जिम्मा लगाएर घर पठायौं । हयात अन्सारीलाई भने अनुसन्धानका लागि नियन्त्रणमा लिएर हिरासतमा राखेका छौं।'

यस घटनाले पर्साको सीमावर्ती क्षेत्रमा गाँजा तथा चरेस तस्करीका लागि प्रयोग हुँदै आएको भनिएको मार्ग र सञ्जालमाथि पनि पुनः प्रश्न उठाएको छ । स्थानीयका अनुसार मकवानपुरको पहाडी क्षेत्रबाट उत्पादन हुने गाँजा तथा चरेस भरियामार्फत पर्सा राष्ट्रिय निकुञ्जको जंगल क्षेत्र हुँदै सोनवर्षा, सुवर्णपुर र विजयबस्तीलगायतका गाउँमा ल्याइन्छ।

ती स्थानमा लागुऔषध केही समय भण्डारण गरेपछि रातिको समयमा मोटरसाइकल, ट्र्याक्टर तथा अन्य सवारीसाधनमा राखेर सीमापार भारततर्फ तस्करी गर्ने गरिएको स्थानीयको दाबी छ।

पटेर्वासुगौली गाउँपालिकाको रंगपुरगढी र सोनवर्षा क्षेत्रमा लागुऔषध कारोबारीहरूको जमघट हुने तथा कारोबारसँग सम्बन्धित आर्थिक लेनदेनसमेत हुने गरेको स्थानीयको भनाइ छ । पाँच महिनाअघि जगरनाथपुरबाट ठूलो परिमाणमा गाँजा बरामद भएको ट्र्याक्टर र अहिले सोनवर्षाबाट अनुसन्धानका लागि पक्राउ परेका अन्सारीबीचको सम्बन्धबारे प्रहरीले विस्तृत अनुसन्धान गरिरहेको छ । अब अनुसन्धानको मुख्य प्रश्न ट्र्याक्टरको वास्तविक धनी को हो, २ सय १३ केजी गाँजा कहाँबाट ल्याइएको थियो, कसको निर्देशनमा जगरनाथपुरसम्म पु¥याइएको थियो र सीमापार पु¥याउने सञ्जालमा को–को संलग्न छन् भन्नेमा केन्द्रित देखिन्छ।

पाँच महिनासम्म चालक र तस्कर फरार रहेको उक्त प्रकरणमा हयात अन्सारी पक्राउ परेपछि अनुसन्धानले नयाँ मोड लिएको छ।

तर प्रहरीले शंकाका आधारमा अनुसन्धानका लागि नियन्त्रणमा लिएको अन्सारीमाथि गाँजा तस्करीको कसुर प्रमाणित भइसकेको भने छैन । अनुसन्धानबाट उनको भूमिका र गाँजा तस्करीको सञ्जालसँगको सम्बन्ध खुल्ने प्रहरीको अपेक्षा छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन